# माडी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, वसन्तपुर, चितवन
३ नं. प्रदेश, नेपाल


## स्थानीय राजपत्र

माडी नगरपालिकाद्वारा प्रकाशित

खण्ड (२), साल २०७५ माघ महिना २६ गते, संख्या १०


भाग–२

# व्यावसायिक पशुपालक कृषक दुध उत्पादन अनुदान कार्यविधी – २०७५

# व्यावसायिक पशुपालक कृषक दुध उत्पादन अनुदान कार्यविधी -२०७५

**प्रस्तावनाः**

माडी नगरपालिकाले आ.व २०७५।२०७६ को निती तथा कार्यक्रमको क) १.१ को वुदा न. १० मा **सामुहिक तथा व्यवसायीक कृषि प्रणालीलाई प्रोत्साहन गर्दै पशुपालन गर्नेलाई अनुदान तथा ऋण दिने नीति अवलम्वन गरी नीतिलाई निरन्तरता गरिने छ** भन्ने उल्लेख भएको ले यसका लागि वित्तिय श्रोतको परिचालन गर्दै निर्वाहमुखि पशु पालन प्रणालीलाई आधुनिकिकरण विविधीकरण र व्यवसायीकरण गरी दुध तथा दुग्ध ब्यावसायमा संलग्न कृषकहरुको आयस्तर वृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुर्याउन उक्त व्यवस्था कार्यान्वयन गर्न कार्यविधी बनाउनु पर्ने भएकाले यो व्यावसायिक पशुपालक कृषक दुध उत्पादन अनुदान कार्यविधी -२०७५ कार्यविधी स्विकृत गरि लागु गरिएको छ ।

१) **संक्षिप्त नाम प्रारम्भ :**

(क) यस कार्यविधीको नाम : **व्यावसायिक दुध उत्पादक कृषक अनुदान कार्यविधी - २०७५ रहेको छ ।**

(ख) यो कार्यविधी तुरुन्त लागु हुनेछ ।

२) **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा दुध भन्नाले दुधालु गाई/भैंसी/बाखा को कल्चौडोबाट प्राप्त हुने सेतो तरल पदार्थ जुन विज्ञानले परिभाषा गरे अनुसारको तरल पदार्थलाई संभ्कनु पर्ने छ ।

**क)** **दुध उत्पादक कृषक** भन्नाले यस कार्यविधी अनुसार माडी नगरपालिका क्षेत्र भित्र गाई/भैंसी पालन व्यावसाय गरि दुध विक्रिवितरण गर्ने किसान, कृषि सहकारी संस्था लि., दुध संकलक, वा दुध संकलन केन्द्रलाई सम्भ्कनु पर्दछ ।

**ख)** **अनुदान रकम** भन्नाले यस कार्यविधीको अनुसुची-१ मा उल्लेख गरिएका क्षेत्रहरुमा दुधालु पशुपालन ब्यावसाय गरि उत्पादित दुध मध्ये बजारमा विक्रि वितरण गरिएको दुधको परिमाणलाई सम्भ्कनु पर्दछ । र यसरी विक्रि वितरण गरिएको दुधको लागि प्रतिलिटर रु.३/ का दरले माडी नगरपालिकाबाट उपलब्ध गराइने अनुदान रकमलाई सम्भ्कनु पर्दछ ।

**ग)** **व्यवसायीक किसान** भन्नाले दुध उत्पादन, प्रशोधन र वजारीकरण गर्ने गरी गाइ, भैसि ,बाखा पाल्ने र दुध उत्पादन गर्ने व्यक्ति, समुह, सहकारी वा संस्था समेतलाई सम्भ्कनु पर्दछ ।

**३. दुध उत्पादनमा प्रदान गरिने अनुदान रकम सम्वन्धि व्यवस्था :**

(क) अनुसूची १ मा उल्लेखित अनुदान रकम वितरण गर्न दुध संकलन गर्ने संकलक, पशु पालक कृषक, संकलन केन्द्र, समुह वा सहकारीहरुले खरिद गरेको दुधको आधारमा ब्यवसायिक कृषकहरुलाई प्रदान गरिने दुधको अनुदानको रकम प्रति लिटर रु.३/भन्दा वढि नहुने गरि यसै कार्यविधिले ब्यवस्था गरेअनुसारको विधि अपनाई वितरण गरिने छ ।

(ख) दुध उत्पादकले उत्पादन गरेको दुध मध्ये विशेषत दुग्ध विकास संस्थान (डि.डि.सि.) लाई विक्रि वितरण गरेको दुधको रेकर्डलाई मुख्य आधार मानि अनुदानको रकम वितरण गरिने छ । दुध खरिद विक्री सम्वन्धि अभिलेख प्राप्त भएपछी माडी नगरपालिका पशु पंक्षी शाखाले आवश्यक छानविन गरी रकम भुक्तानीको लागि सिफारिस साथ माडी नगरपालिकामा पठाउनु पर्नु पर्ने छ । र यसरी सिफारिस साथ प्राप्त हुन आएको रेकर्डको आधारमा माडी नगरपालिका लेखा शाखाले दध उत्पादनमा अनुदान रकम दिन छुटयाइएको बजेटबाट खर्च लेखि यथासिघ्र अनुदानको रकम सम्वन्धित ब्यक्ति, समुह, संघ संस्था जस्लाई दिनु पर्ने हो उस्लाई उपलब्ध गराउनु पर्नेछ ।

(ग) यस्तो अनुदान रकम बुझिलिने दुध तथा दुग्ध पदार्थ संकलन केन्द्र, समुह, सहकारी, संकलक वा कृषकहरुले माडी नगरपालिकाबाट अनुदान रकम लिएको ७ दिन भित्र सम्वन्धित अनुदान रकम पाउने कृषकहरुलाई वितरण गरि सो रकम वितरण गरिएको भरपाईको प्रतिलिपी सम्वन्धित वडा अध्यक्षबाट प्रमाणित गराइ यथासिघ्र माडी नगरपालिका पशुपंक्षी शाखामा पेश गर्नु पर्ने छ ।

**४. दुध तथा दुग्ध पदार्थ संकलक ब्यक्ति, समुह, सहकारी वा संस्थाको काम, कर्तव्य र अधिकार::**

(क) कृषकहरुले विक्रिको लागि ल्याएको दुध खरिद गरि लिने र रेकर्डको लागि दैनिक दुध खरिद विक्रि सम्वन्धि रजिष्टर तयार पारी दुरुस्त अभिलेख राख्ने र सम्वन्धित दुध विक्रि गर्ने कृषकहरुलाई पनि दैनिक पासवुकमा भरि दिने ब्यवस्था मिलाउने ।

(ख) दुध खरिदको दैनिक,मासिक, चौमासिक रेकर्ड फाराम तयार पारी सम्वन्धित वडा अध्यक्षबाट प्रमाणित गराई माडी नगरपालिका पशुपंक्षी शाखामा बुझाउनु पर्ने छ । साथै यसरी पेश गरिएको फारामको साथमा सम्भव भएसम्म दुध खरिद गर्ने संस्था डि.डि.सि.को दुध चिस्यान केन्द्रले दुधको रकम भुक्तानी गरेको भुक्तानी फारामको प्रतिलिपी समेत संलग्न गर्नु पर्ने छ ।

(ग) नगरपालिकाबाट अनुदानको रकम प्राप्त भएपछी सो रकम सम्वन्धित कृषकहरुलाई अगाडी पेश गरेको रेकर्डको आधारमा रकम वितरण गरी सो को भरपाई गराई सम्वन्धित वडाको वडाध्यक्षबाट प्रमाणित गराइ यथासिघ्र माडी नगरपालिका पशु पंक्षी शाखामा पेश गर्नु पर्ने छ ।

(घ) स्थानीय विक्रि गरेको दुधको हकमा भने सम्वन्धित खरिदकर्ताले नै कृषकहरुलाई दिनुपर्ने थप अनुदान रकम उपलब्ध गराउनु पर्ने छ । नगरपालिकाबाट उपलब्ध हुने छैन ।

**५. माडी नगरपालिका नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार :** माडी नगरपालिका नगर कार्यपालिकाको काम ,कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) सिफारिस साथ प्राप्त भएको खरिद विक्रि सम्वन्धि अभिलेखको आधारमा दुधको अनुदान वजेट शिर्षकबाट खर्च लेखी सम्वन्धित ब्यक्ति, समुह,सहकारी वा संघ संस्था जसलाई दिनु पर्ने हो उसलाई दुधको अनुदानको रकम प्रति लिटर रु.३/का दरले उपलब्ध गराई सोको लेखा राख्ने ।

(ख) खण्ड (क) बमोजिम दुध उत्पादक कृषकहरुलाई उपलव्ध गराईएको दुधको अनुदान रकमको विवरण चौमासिक रुपमा कार्यपालिका समक्ष पेश गर्ने ।

(ग) यो कार्यविधीको प्रवाभकारी रुपले कार्यन्वयन गर्नको लागि आवश्यक नियमन, निरिक्षण तथा सुपरिवेक्षण गर्ने ।

(घ) निरिक्षण गर्दा उद्धेश्य अनुरुप भएको नपाइएमा प्रचलित नियम कानुन वमोजिम कार्यवाही गर्ने ।

**६. निर्देशक समितिको गठन :**

१) दुध उत्पादन अनुदान सम्वन्धि कार्यको निर्देशन गर्न देहाय बमोजिमको एउटा निर्देशक समिति गठन हुनेछ

क) नगर प्रमुख : संयोजक

ख) नगर उपप्रमुख : सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

घ) लेखा अधिकृत : सदस्य

ङ) पशु पंक्षी शाखाको अधिकृतस्तरको कर्मचारी : सदस्य सचिव

**७. निर्देशक समितिको काम, कर्तव्य र अधिकार :**

१) यस कार्यबिधिमा संसोधन गर्नुपर्ने भएमा औचित्य र कारण सहित नगर कार्यपालिकामा पेश गर्ने ।

२) कार्यविधिको कार्यान्वयनको शिलशिलामा कुनै द्विवीधा उत्पन्न भएमा अन्तिम निर्णय गर्ने ।

३) प्राकृतिक कारण वा दैवी विपत्ति वा विशेष परिस्थितिको अवस्थामा उचित निर्णय गर्ने ।

४) समन्वय तथा अनुगमन समितिको सिफारिसको आधारमा कार्यान्वयन अगाडी बढाउने ।

५) अनुदान रकमको प्रभावकारिता विषयको स्थलगत अध्ययन अनुगमन गर्ने ।

**८. समन्वय तथा अनुगमन समितिको गठन :**

१) दुध अनुदान उत्पादन बिक्री बिक्री वितरण सम्वन्धि कार्यको समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको एउटा समन्वय तथा अनुगमन समिति गठन हुनेछ ।

क) नगर उपप्रमुख : संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

ग) आर्थिक समिति संयोजक : सदस्य

घ) सामाजिक विकास समिति संयोजक : सदस्य

घ) पशुपन्छी शाखा प्रमुख : सदस्य सचिव

**९. समन्वय तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार :**

(क) यस कार्यविधि बमोजिम गर्नुपर्ने कार्यको समन्वय गर्ने ।

(ख) अनुदान रकमको सही सदुपयोग भएको नभएको अध्ययन गरि सिफारिस सहित निर्देशक समितिलाई पेश गर्ने ।

ग) संचालित कार्यक्रमको अनुगमन गरि प्रतिवेदन पेश गर्ने ।

**१३. लागु हुने :** यो कार्यविधि दुध तथा दुग्ध पदार्थको कारोवारसँग सम्वन्धितहरुलाई मात्र लागु हुनेछ ।

**१०. गुनासो सम्वन्धि व्यवस्था :**यस कार्यविधीको कार्यन्वयनको क्रममा तोकिए बमोजिम अनुदान रकम प्रवाह नगरेको दुध उत्पादक व्यवसायीले अनुदानको रकम पाएको नपाएको वा अनुदान रकम वितरणमा परेका समस्या लगायतका गुनासो सुन्ने तथा सोको आधारमा आवश्यक काम कारवाहि अगाडी वढाउने कार्य समेत निर्देशक समितिले गर्नेछ ।

**११. संशोधन तथा हेरफेर :** माडी नगरपालिका नगर कार्यपालिकाले यस कार्यविधीको अनुसुचिमा आवश्यकता अनुसार संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

**१२. कार्यक्षेत्रमा असर नपर्ने :** यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु निर्देशक समितिको निर्णय बमोजिम हुनेछ ।

## अनुसुची १

**आ.व. २०७५/०७६**

### (बुँदा ३ को उपबुँदा (क) सँग सम्वन्धित)

मितिः २०७५ साल........ महिना .....गते

दैनिक दुध खरिद विक्रि / (उत्पादन) रेकर्ड फाराम :

| सि.नं. | कृषकको नाम थर | ठेगाना | दुधालु पशु संख्या | | दैनिक दुध उत्पादन लि. | | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | गाई | भैसी | विहान | वेलुका | जम्मा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

दुध खरिद गर्ने : समुह/सहकारी/ ब्यापारी ब्यक्ति को सही : .......................

नाम : ...............................................

संस्थाको छाप : ठेगानाः .........................................

# अनुसुची २

**आ.व. २०७५/०७६**

**(बुँदा ३ को उपबुँदा (क) सँग सम्वन्धित)**

मितिः २०७५ साल......... महिना

मासिक दुध खरिद विक्री / (उत्पादन) रेकर्ड फाराम :

| सि. नं. | कृषकको नाम थर | ठेगाना | गते १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

दुध खरिद गर्ने : समुह/सहकारी/ ब्यापारी ब्यक्ति को नाम :

सही

नाम : ............................................

संस्थाको छाप :

ठेगानाः ......................................

प्रमाणित गर्ने वार्ड अध्यक्षको सही :

नाम थर : ठेगाना :............

# अनुसुची ३

## (बुँदा ३ को उपबुँदा (क) सँग सम्वन्धित)

मिति.......... साल......... महिना

| सि. नं. | कृषको नाम थर | ठेगाना | जम्मा दुध लि. | दर | जम्मा रु. | वुझिलिनेको सही | कैफियत मो. नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

दुध खरिदको आधारमा कृषकहरुलाई अनुदान रकम बुझाएको भरपाई फाराम :

दुध खरिद गर्ने : समुह/सहकारी/ ब्यापारी ब्यक्ति को नाम :

सही

नाम : ..........................................

संस्थाको छाप : ठेगानाः ......................................

प्रमाणित गर्ने वार्ड अध्यक्षको सही :

छाप नाम थर : ...............

ठेगाना

## दुध खरिद विक्रि गर्ने समुह, सहकारी संस्था वा ब्यक्तिले नगरपालिका समक्ष अनुदान रकम माग गर्दा लेख्ने निवेदनको नमुना :

मितिः .............

श्रीमान प्रमुख प्रसाशकिय अधिकृत ज्यू,
माडी नगरपालिका नगरकार्यपालिकाको कार्यलय,
माडी चितवन ।

विषय : अनुदान रकम उपलव्ध गराई पाउं ।

महोदय,

प्रस्तुत विषयमा सादर निवेदन यो छ कि मैले / हाम्रो संस्थाले माडी नगरपालिका वार्ड नं. ... अन्तर्गत ....... .........वजार/टोलमा कृषकहरुबाट दुध संकलग गरि डि.डि.सि.अन्तर्गतको ................दुध चिस्यान केन्द्रलाई दुध विक्री वितरण गर्दै आएको र मिति : २०७ / / गते देखि मितिः / / गते सम्म....... महिनामा .........जना कृषकहरुबाट ...... लिटर दुध खरिद गरि विक्रि वितरण गरेको रेकर्ड समेत वार्ड अध्यक्षबाट प्रमाणित गराई यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु । माडी नगरपालिकाले दुध उत्पादक कृषकहरुलाई प्रतिलिनटर रु.३/का दरले अनुदान रकम दिने भन्ने निति तथा कायक्रमा उल्लेख भए अनुसार .......लिटर दुधको जम्मा रु. ..................अक्षरुपी रु. .................. .....................मात्र ....................................... को नाममा निकासा गरी दुग्ध उत्पादक कृषकहरुलाई अनुदान रकम वितरण कार्यमा सहयोग गरि दिनहुन सादर अनुरोध गर्द छु ।

निवेदक
नामथर :
ठेगाना :
सही छाप :...............

पुनश्चः उक्त रकम सम्वन्धित कृषकहरुलाई बझाइ सो को भरपाई फाराम ७ दिन भित्र पेश गर्ने छु ।

आज्ञाले,
हरिदत्त कंडेल
प्रमुख प्रशासकीय अधिकृत